गाउँसभाका सदस्य ज्यूहरु

साइपाल गाउँपालिकाको वजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गाउँसभा समक्ष आगामी आ.व. २०८१/०८२ को वजेट प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी तथा गौरवान्बित भएको छु । यस अवसरमा संघीय लोकतान्त्रिक राज्य स्थापनाका लागी जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।

नेपालको संविधान जारी भई मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापना भएको ९ वर्ष पुरा भएको छ । नेपालको मूल राज्य संरचनामा संघ, प्रदेश र स्थानीय तह रहेका छन भने यिनै तहले नेपालको राज्य शक्तिको प्रयोग नेपालको संविधान तथा कानुन वमोजिम प्रयोग गर्दै आएका छन । नेपालको संविधान को अनुसुचि ८ मा स्थानीय तहको अधिकारको बारेमा उल्लेख भएको र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँ सभाले बनाएको कानुन बमोजिम हुने व्यवस्था रहेको छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार संम्बन्धि विषयमा कानुन बनाउने, वार्षिक वजेट बनाउने, नीति बनाउने, निर्णय गर्ने, योजना तयार गर्ने तथा त्यसको कार्यान्ययन गर्ने संबैधानिक व्यवस्था रहेको छ । स्थानीय तहले आफ्नो वजेट प्रत्येक वर्ष असार १० गते सम्म गाउँ सभामा पेश गर्नु पर्ने कानुनी प्रावधान रहेको छ ।

राज्य पुनर्सरचना संगै नेपालमा स्थापना भएका ७५३ वटा स्थानीय तह मध्ये बझाङ्ग जिल्लामा अवस्थित साईपाल गाउँपालिका पनि एक हिमाली दुर्गम, पिछडिएको भौगोलिक विगटता तथा सडक संजालले नजोडिएको एक स्थानीय तह हो । ऐतिहासिक साविक काँडाबासीको चरम उत्कर्षको आन्दोलन बाट प्राप्त साविक काँडा गाउँपालिका राज्यबाट नामाकरण गरिएता पनि आ.व. २०७४/०७५ को गाउसभाको निर्णय तथा मिति २०७४/०९/२४ गतेको नेपाल सरकार मन्त्रिपरिषदको निर्णय अनुसार यस गाउँपालिकाको नाम स्थानीय साईपाल हिमालको नामले नामाकरण गरि काँडा गाउपालिकाबाट परिर्वतित साईपाल गाउँपालिका नामाकरण गरिएको हो । वझाङ जिल्लाको उत्तरी भागमा अवस्थित साईपाल गाउँपालिकाको कुल क्षेत्रफल १,४६७.२७ वर्ग कि.मी. रहेको छ । सामाजिक, आर्थिक, राजनीतिक, भौगोलिक, शैक्षिक, संचार र पूर्वाधारको क्षेत्रमा निकै पछाडी रहेको यो गाउँपालिका वझाङ्गको कुल क्षेत्रफल मध्ये साईपाल गाउँपालिकाले लगभग ४३ प्रतिशत क्षेत्रफल ओगटेको छ । जिल्ला सदरमुकाम भन्दा निकै टाडा (३२ कोष ) रहेको यो गाउँपालिका चीनको स्वशासित क्षेत्र तिव्वतको ताक्लाकोटसंग जोडिएको छ । भौगोलिक हिसावले काँडा गाविस ठूलो भएकोले एक मात्र गाविसलाई साईपाल गाउँपालिका वनाएका थिए।

यस गाउँपालिकाको पूर्वमा बाजुरा जिल्ला ,पश्चिममा दार्चुला जिल्ला, उत्तरमा हुम्ला जिल्ला र चीनको स्वशासित क्षेत्र तिव्वत र दक्षिणमा वझाङ्ग जिल्लाको वुँगल नगरपालिका, सुर्मा गाउँपालिका र तल्कोट गाउँपालिकासँग सिमाना जोडिएको छ । समुन्द्री सतहको २९ डिग्री ३१ मिनेट ४८ सेकेन्ड देखि २९ डिग्री ३६ मिनेट ६६ सेकेन्ड उत्तरी अक्षांश सम्म र ८१ डिग्री १४ मिनेट २४ सेकेन्ड देखि ८१ डिग्री २४ मिनेट १२ सेकेन्ड मा पूर्व देशान्तर सम्म

CamScanner

साईपाल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कोँढा, बझाङ सुदूरपश्चिम प्रदेश नेपाल

फैलिएको छ । यस गाउँपालिका बझाङ जिल्लाको जिल्ला सदरमुकाम चैनपुर देखि ५० किमीको दुरीमा उत्तर भागमा रहेको छ ।

यस गाउँपालिकाको कुल क्षेत्रफल १,४६७.२७ वर्ग कि.मी. रहेको छ । जसमध्य बनजंगलको क्षेत्रफल १,४६,३९८ हेक्टर, सामुदायिक वनको क्षेत्रफल ४५८ हेक्टर, कवुलियत वनको क्षेत्रफल २८९ हेक्टर, कुन वन तथा झाडी क्षेत्र १,४६,३९८ हेक्टर र सरकारद्वारा व्यवस्थित वनको क्षेत्रफल १,४५,६५० हेक्टर रहेको छ । यस गाउँपालिकामा ६ वटा सामुदायिक वन,

९ वटा कवुलियत वन, १ वटा धार्मिक वन रहेका छन् । गाउँपालिका भएर अविरल बगिरहने, सेती नदी, लोकन्ते खोला, थरौनी खोला र गनै गाड यहाँका मुख्य प्राकृति सम्पदाहरु हुन् । सिंचाइको मुख्य श्रोतको रुपमा रहेको यी खोलानालाहरुमा एउटा पनि सिंचाई नहरहरु छैन । जैविक विवधताका हिसावले उच्च पर्वतिय चिसो हावापानीमा पाइने जीव तथा वनस्पति गुराँस, सल्ला, बाँझ, धुपी सल्ला, नावर, झारल, बाघ, भालु, रतुवा, थार, घोरल, कस्तूरी, व्वासो, मलि सार्पो, स्याल, वदेल, गुना, वादर, दुम्सी, थार मूख्यरुपमा रहेका छन् । चराचुरुङ्गीहरुमा डांफे, कालिच, चाखूरा, मुनाल, फक्रास, हलेसा, पिउरा, ढुकुर, काग, गिद्ध, वाज, गरुल, चिल, कोइली, भेकुरा, चांचर, सुगा, डिगल्चा, सिमाल चरी, लासीकोसेरा, जलेवा, धिवर, निलकष्ठ, पादी किट्टो, डाल्ने, पाट्के, सराइना, कोकलसांरा, भगेरा, खूईखुरे, भेकुडा, रानी चरो, फूल चरो आदि पाइन्छन् ।

जडिबुटीका रुपमा पाखनबेद, सतुवा, पाँच औले, यार्सागुम्बा, वन लसून, घुच्ची च्याउ, भ्याकुर, निरमसी, पदमचाल, पाषणबेद, पांचऔले, सतुवा, सर्पगन्ध, सुगन्धवाल, ओखर, काफल, चिराईतो, भ्याउ, धुपी, पलांस, दालचिनी, काउलो, भोगपत्र, सुनपाती, लौटसल्ला, टिमुर जटामसी, कटुकि, गूच्ची च्याउ, उतिस, आदिरहेका छन् । अन्य खानीहरुमा खरी,

अब्रक, क्रिस्टील, सिसो, फलाम, सिलाजित आदि मुख्यरुपमा पाईन्छ । विभिन्न मठ मन्दिर र त्यसले स्थापित गरेका कतिपय एतिहासिक किम्वदन्तीहरुले पनि प्रशस्त प्रर्यटकीय सम्भावना बोकेको छ । हिमालको फेदी तथा पहाडको माथिल्लो भागका अधिकांस स्थानमा वन तथा खर्कहरु रहेका छन् । यस गाउँपालिकाको उत्तरमा देखिने रमणिय साईपाल हिमाल (७०२५ मी.), नाप्पा हिमाल (६७४५मी.), योगा हिमाल (६६४५मी.), उराई भन्ज्याङ्ग (५२०७ मी.), व्यास हिमाल (५६३२ मी.), राक्स्या हिमाल आदि रहेका छन् यस गाउपालिकाले विगत ४ बर्ष देखी संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ तथा कानुन बमोजिम स्थानीय कुसल शासनको अभ्यास गर्दै आएको छौ ।

## चालु आ.व. ०८०/०८१ को वार्षिक कार्यक्रमको समिक्षा

२०७९ बैशाख ३१ गते स्थानीय तहको दोस्रो निर्वाचन भए पश्चात विगत २ वर्ष देखी हामी जनप्रतिनिधीहरुले यस गाउपालिकाको जिम्मेवारी र उत्तरदायित्य बहन गर्दै आएका छौ । आ.व. २०८०/८१ मा कुल आय २१ करोड ३५ लाख ६२ हजार ४ सय १५ रुपैयाँ रहेकोमा कुल खर्च १४ करोड ५६ लाख ३४ हजार ४ सय १० रुपियाँ भएको छ भने केही योजना,

कार्यक्रम तथा जनप्रतिनीधि, कर्मचरी तथा शिक्षकको २०८१ बैशाख देखि असार सम्मको त.भ भुक्तानी गर्न बाँकी रहेको छ ।

गत बर्ष २०८०/०८१ असारमा सम्पन्न ऐतिहासिक सातौ गाउँसभा भएकोले दिर्घकालिन लक्ष्यका साथ बार्षिक कार्यक्रम तथा वजेट पारित गरेका थियौ । आ.व . २०८०/०८१ मा २५ करोड २ लाख ९५ हजार पाँच सय रुपैयाँ अनुमान गरिएकोमा आर्थिक वर्षको ११ महिनामा २१ करोड ३५ लाख ६२ हजार ४ सय १५ रुपैयाँ आय भई हाल सम्म १४ करोड ५६ लाख २१ हजार ४ सय ३५ रुपैया व्यय भएको छ । यसै गरि आन्तरीक आय तर्फ १ करोड अनुमान गरिएकोमा ११ महिनामा १ लाख ८६ हजार रुपयौ गरि जम्मा १.४ प्रतिसत मात्र प्रगति भएको छ ।

आ.व. २०८०।०८१ मा तपसिलका ऐन नियम र कार्यविधि पारित गरी जनताको काममा सहजता ल्याइएको छ ।

तपसिल

५. लघु जलविधुत संचालन तथा ब्यवस्थापन कार्यबिधि २०८०
६. खाद्य सुरक्षा रणनिति २०८०
७. शैक्षिक गुरुयोजना निर्माण २०८०
८. साईपाल गाउँपालिका एम्बुलेन्स संचालन कार्यबिधि २०८०

विकासमा जनसहभागिताको परिचालन र गाउँघरका समस्याहरुको दिनप्रति दिन समाधान हुदै गरेकाले स्थानीय तहको सरकार प्रति जनताको विश्वास भरोसा वृद्धि भएको छ । जनताको भरपर्दो साथ र विश्वास पाएको वर्तमान साईपाल गाउँपालिकाको गाउँ सरकारलाई विकास र सम्वृद्धिको यात्रामा अविचलित रुपमा अघि बढ्न ठुलो प्रेरणा र हौसला मिलेको छ ।

**आगामि आर्थिक वर्ष २०८१/०८२ बार्षिक वजेट तथा कार्यक्रम सोच, लक्ष्य, उद्देश्य**

यस गाउपालिकाको दिर्घकालिन सोच "साइपाल गाउबासिको परिकल्पना, सुखी, सम्बृद्ध गाउँबासी हाम्रो चाहाना", साइपाल गाउबासिको परिकल्पना असहाय, अनाथ बालवालिका निशुल्क शिक्षा हाम्रो चाहाना ", "साईपाल गाउँपालिका परिकल्पना छाउ गोठ मुक्त गाउँपालिका हामो चाहाना" साईपाल रहेको छ । आर्थिक तथा सामाजिक विकास द्धारा मानब विकास सुचांकमा सुधार पूर्वाधार सहितको सम्पन्न गाउँका रुपमा विकसित गरी सम्वृद्ध गाउँ, सम्वृद्ध गाउँवासी बनाउन यस नीति वजेट तथा कार्यक्रमको पहिलो लक्ष्य रहेको छ ।

**आगामि आर्थिक वर्ष २०८१/८२ वजेटका उद्देश्यहरुः**

१. साईपाल गाउँपालिकालाई सडकको पहँच संग जोड्नका लागी गनै धलौन काँडा धुली न्युना सम्म सडक निर्माण गर्नु।

CamScanner

२. साईपाल गाउँपालिकाको लघु जलबिधुत प्रभावकारी गर्नका लागि धलौन वडा १ २ र काँडा ३ मा सोलार मिनिग्रेड निर्माण गर्नु
३. गाउँका लागि आधारभुत शिक्षाको पूर्वाधारको विकास गर्नु ।
४. शिक्षा,स्वास्थ्य,पोषण लगायतको विकास गरि मानव विकासको स्तरमा सुधार ल्याउनु ।
५. कृषि तथा पशु विकासको माध्यमबाट उत्पादन वृद्धि गरि आय बृद्धि गर्नु ।
६. लैगिक तथा सामाजिक समावेसिकरणको विकास गर्नु ।
७. जनतालाई सरल सेवा प्रवाह र सुशासनको प्रत्याभुति दिलाउनु ।
८. साईपाल हिमाल पर्यटकीय पदमार्गको विकास गरि पर्यटकहरुको आगमनमा बृद्धि गर्नु
९. हाल संचालनमा रहेका होमस्टेहरुको स्तर उन्नति गर्नु
१०. सामाजिक सामावेशीकरणको माध्यमबाट मानब संसाधनको विकास गर्नु
११. टेलीफोन सेवा विस्तार गरी नेट इन्टरनेटको माध्यमबाट दैनिक सेवा प्रवाह गर्नु
१२. असाहय,अनाथ टुहुरा वालवालिका लाई निशुल्क शिक्षाको व्यवस्था गर्नु
१३. सूचना प्रविधिको प्रयोग गरि विधुतिय साधनको माध्यमवाट सेवा प्रवाह गर्नु ।
१४. बहुमूल्य जडिबुटि दिन प्रति दिन लोप हुदै गएकाले सो संरक्षण र सम्बद्धन गर्न विस्तृत अध्ययन योजना तयार गर्नु।
१५. महिला लक्षित कार्यक्रम मार्फत सामाजिक समावेशिकरण र समानता कायम गर्नु।
१६. शिक्षा र स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकतामा राखि उच्च मानव जिवनस्तर कायम गर्नु।

**वजेटको उद्देश्य परिपुर्ति गर्न देहायका विषयलाई प्राथमिकता दिएको छः**

१. शिक्षा पूर्वाधारको विकासमा सहयोग पुग्ने ।
२. आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका वर्गको उत्थान गर्ने ।
३. उत्पादन तथा छिटो प्रतिफल प्रास गर्ने ।
४. लैगिक तथा सामाजिक समावेसिकरणको वृद्धि गर्ने ।
५. दिगो विकास वातावरणिय संरक्षण तथा संरक्षण गर्न सघाउ पुग्ने ।
६. शिक्षा, स्वास्थ्य तथा पोषण जस्ता सामाजिक पक्षको सुधार गर्ने ।
७. सुशासन तथा सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता हुने ।
८. आर्थिक विकास तथा गरिवि निवारणमा प्रत्यक्ष योगदान पूऱ्याउने ।
९. गनै धलौन सडक निर्माणको कार्यमा सहयोग पुग्ने।

**वार्षिक वजेट कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीतिहरु तथा कार्यक्रमहरुः**

आ.व.२०८१।०८२ को वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न विषयहरुलाई आधार लिएको छ ।

१. नेपालको संविधान
२. स्थानीय सरकार संचालन ऐन २०७४

CamScanner

३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४
४.अन्तर सरकारी वित व्यवस्थापन ऐन २०७४
५.नेपाल सरकारको आवधिक विकासका योजना
६. उपलब्ध स्रोत साधन
७. विकासका अन्तर संबन्धित विषयहरु
८. गाउँपालिका द्धारा वनाइएका ऐन, नियमावली, नीति तथा कार्यविधि
९. संघ तथा प्रदेशवाट प्राप्त परिपत्रहरु
१०. सम्बन्धित विषय विज्ञको सुझाव सलाह ।
११. स्थानीय जनताका आकांक्षा र आवश्यकता

वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन बमोजिम संघ र प्रदेश सरकारबाट प्राप्त वजेट सिमा, स्रोत अनुमान तथा वजेट सिमा निर्धारण, वस्ति तथा वडा तहमा योजना छनौट तथा प्राथमिकरण, वजेट तथा कार्यक्रम तर्जुमा गाउँकार्यपालिकाबाट वजेट तथा कार्यक्रम स्विकृत गरि कानुनले तोकेको समय असार १० गते भित्र यस गाउँसभामा प्रस्तुत गरिएको छ ।

**वार्षिक वजेट तथा कार्यक्रम तजुर्मा गर्दा देहाय वमोजिमका समष्टिगत नीतिहरु अवलम्बन गरिएको छ।**

१. स्थानीय सरकार संचालन ऐन २०७४ ले तोकेका कार्य तथा जिम्मेवारी सम्पादन गर्न सहयोग पुऱ्याउने ।
२. साविक नेपाल सरकारबाट संचालन हुदै आएको तर हाल स्थानीय तहले निरन्तरता दिनु पर्ने कार्यक्रमहरुलाई निरन्तरता दिने ।
३. शिक्षा,स्वास्थ्य जस्ता आधारभुत सेवाहरु संचालन गर्ने कार्यक्रमहरुलाई गाउँपालिकाको अपनत्व हुनेगरि प्रभावकारी रुपमा संचालनमा ल्याउने ।
४. स्रोत साधन वितरण गर्दा भौगोलिक, विषय क्षेत्रगत समुदायगत र वातावरणीय सन्तुलन कायम गरिने ।
५. विकास योजनाहरुलाई प्रभावकारी उपलब्धी मुलक बनाउन आयोजना संख्या सिमिति गरी ठुला तथा गाउँपालिका स्तरिय गौरबका आयोजनाहरु संचालन गर्ने । वडा लाई वडाको जनसख्या, क्षेत्रफल र विकासको अवस्थाका आधारमा वडागत वजेट कार्यक्रम उपलब्ध गरीने छ ।
६. आन्तरिक आयसरहको राजश्व बाँडफाड र आन्तरिक आय तथा अन्य विविध स्रोतबाट चालु खर्च व्यवस्थापन गर्ने ।
७. लैगिक समानता तथा सामजिक समावेसिकरणलाई विकास योजनाका हर चरणमा सहभागिता गराउने ।
८. गाउँको विकासमा विभिन्न सरकारी तथा गैरसरकारी र नीजि क्षेत्रको लगानीलाई प्रोत्साहन गरिने।
९. विकास निर्माण को कार्यका लागि जनताको सहभागिता सुनिश्चित गरिने ।

१०. स्थानीय तहले बहन गनुपर्ने अनिवार्य दायित्वका विषयहरु बहन गर्ने

<u>कार्यक्रम तथा वजेट विनियोजन</u>

आगामि आर्थिक वर्षका लागि लिइएका माथि उल्लेखीत बार्षिक कार्यक्रमहरु कार्यान्यियन गर्न २२ करोड ८१ लाख २४ हजार रुपैया वजेट विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु तर्फ १३ करोड ३० लाख ३७ हजार, प्रदेश समानिकरण ३० लाख ३७ हजार, सामाजिक सुरक्षा भत्ता तर्फ १ करोड २५ लाख विशेष अनुदान संघ १ करोड ३५ लाख, वित्तिय समानिकरण ७ करोड, २ लाख संघबाट ससर्त अनुदान चालु ४ करोड ४ लाख ६७ हजार संघ ससर्त अनुदान पुर्जिगत १० लाख प्रदेशबाट प्राप्त बिभिन्न योजनामा २ करोड ८ लाख ५० हजार राजश्व बाँडफाड प्रदेश ३७ लाख ७० हजार राजश्व बाँडफाड संघ ५ करोड १८ लाख आन्तरिक आय १ करोड १० लाख बजेट विनियोजन गरेको छु। साथै शिक्षा र स्वास्थ्य क्षेत्रमा कार्यरत करार सेवाका कर्मचारीहरुको पारिश्रमिक समायोजनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

<u>स्रोतको व्यवस्था</u>

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च बेहोर्ने स्रोत मध्ये आन्तरिक आय १ करोड १० नेपाल सरकार समानिकारण अनुदान बाट ७ करोड २ लाख संघ सम्पुरक अनुदान १ करोड ३५ लाख संघ सर्सत अनुदान चालु ४ करोड ४ लाख ६७ हजार संघ ससर्त पुर्जिगत १० लाख संघ राजश्व बाँडफाँड ५ करोड १८ लाख प्रदेश सरकार समानीकरण अनुदान ३० लाख ३७ हजार प्रदेश प्राप्त बिभिन्न योजनामा २ करोड ८ लाख ५० हजार प्रदेश सरकार राजश्व बाँडफाँडमा ३७ लाख ७० हजार सामाजिक सुरक्षामा १ करोड २५ लाख माथि उल्लेखित बिभिन्न स्रोतबाट खर्च गर्ने ब्यवस्था मिलाएको छु ।

**अध्यक्ष महोदय,**

गाउँको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक विकासमा सहयोग पुऱ्याउने सम्पूर्ण साईपाल गाउँपालिकाबासिहरु, बुद्धिजिबी, समाजसेबी एवम सम्पुर्ण सरोकारवाला व्यक्तिहरु प्रति हार्दिक धन्यबाद व्यक्त गर्न चाहान्छु । साथै यो नीति कार्यक्रम तथा वजेट बक्तब्य कार्यान्वयनमा सबै पक्षको चौतर्फी सहयोग रहने अपेक्षा गरेको छु ।

धन्यबाद

**डोल्मा तामाङ्ग**

गाउँपालिका उपाध्यक्ष

२०८१ असार १० गते सोमबार

साईपाल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कोँडा, बझाङ, सुदूरपश्चिम प्रदेश नेपाल